फोन नं- ०२५-४०१०६५,०२५-४०१०६६
www.koshimun.gov.np

# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लौकही, सुनसरी
१ नं.प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या : ०७५/०७६
चलानी नं.: १३०६

मिति:- २०७५/१२/२२

विषय :- आगलागी घटना भएको सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।
श्री आन्तरीक मामिला तथा कानून मन्त्रालय,
(प्रशासन योजना तथा विपद् व्यवस्थापन महाशाखा)
प्रदेश नं.१ , विराटनगर, मोरङ्ग ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, इनरुवा, सुनसरी ।
श्री जिल्ला प्रशासन कार्यालय, इनरुवा, सुनसरी ।
श्री नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखा, धरान, सुनसरी ।

प्रस्तुत विषयमा आज मिति २०७५/१२/२२ गते शुक्रवार विहान ८ :०० बजेको समयमा यस गाउँपालिका वडा नं.४ जुद्धगंज टोलमा आकास्मीक आगलागीको घटना भई ९ (नौ) घर र सो घरमा रहेको खाद्यान्न, लत्ता कपडा, भाडा बर्तन, लगायत सामानहरु जलेर पुर्ण रुपमा क्षति भएको, छिमेकी गाउँपालिका/नगरपालिकाबाट दमकल झिकाई आगो नियन्त्रण गरिएको, प्रकोप पिडीतहरुलाई गाउँपालिकाबाट तत्काल रु. ५०००।- (पाँच हजार) बरावरको खाद्य सामग्री र रु. २५०००।- (पचिस हजार) नगद राहत उपलब्ध गराईएको, पिडीतहरुलाई बास, लत्ता कपडा र भाडा बर्तन लगायतका सामग्री तत्काल उपलब्ध गराउन जरुरी भएको हुँदा सहयोग उपलब्ध हुन मिति २०७५/१२/२२ गते बसेको स्थानीय विपद् तथा जलवायू उत्थानशिल समितिको बैठकको निर्णय अनुसार अनुरोध छ ।

..................
खगेन्द्र गिरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत